## बुद्धभूमी नगर कार्यपालिकाको मितिः २०७५।१०।१७ गतेको बैठकको निर्णयहरु

१. चौथो नगर सभाको तयारी सम्बन्धमा।

निर्णय : यस बुद्धभूमी नगरपालिकाको तेस्रो नगर सभा पश्चात कार्यपालिकाले गरेका महत्वपूर्ण निर्णयहरु, चौथो नगरसभामा अनुमोदनको लागि लैजान छलफल भयो र सो नगर सभा १:०० बजे संचालन हुने भएकोले समयमै यस नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका सबै शाखा प्रमुख हरु र आवश्यक कर्मचारी समयमै उपस्थिति भई नगरसभा सम्पन्न गर्ने निर्णय गरियो।

२. बुद्धभूमी नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५ सम्बन्धमा।

निर्णय : विधेयक समितिबाट सुझाव संसोधन सहित प्राप्त भएको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५ स्वीकृत गर्ने निर्णय गरियो।

३. योजना संशोधन सम्बन्धमा।

| सि.नं. | भएको | संसोधनको लागि प्रस्ताव | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ९ ताल सुधार (बरकलपुर) | पिक्नीक स्थलमा ट्रर्स निमार्ण बरकलपुर | |
| २ | वडा नं.५ वडास्तरीय कार्यक्रमको सि.नं.८ मा ने.रा.मा.वि.राजपुर वाल बाउन्ड्री तथा मर्मत | ने.रा.मा.वि.राजपुर अधुरो भवन निर्माण | |
| ३ | वडा नं.५ वडास्तरीय कार्यक्रमको सि.नं.११ को नयांबस्ती टोलमा पक्की नाली निर्माण | गणेश भुसालको घरदेखि सिता कुंवरको घर हुँदै रोमबहादुर थापाको घरदेखि पश्चिम कुवासम्म सडक स्तरोन्नती | |
| ४ | वडा नं. ८ को सिचाई तर्फ सि.नं. १६ मा रहेको स्यालो ट्यूबेल (नौडिहवा, धनकौली, सेमरहना) | वडा नं. ८ पचिगंवा, पचिगैइ मा स्यालो ट्यूबेल निर्माण | |
| ५ | जनज्योति आधारभूत विद्यालय विरपुरको तारवार निर्माण | जनज्योति आधारभूत विद्यालय विरपुरको वाउण्डी वाल (पर्खाल) निर्माण | |
| ६ | डुमरा चोकदेखि सडक गोकर्ण आचार्यको पुरानो घरसम्म (सडक कालो पत्रे) | डुमरा चोकदेखि गोकर्ण आचार्यको पुरानो घरसम्म सडक पि.सी.सी. | |

४. आर्थिक ऐन २०७५ संशोधन तथा थप सम्बन्धमा।

अनुसूची ११

दफा १२ सँग सम्बन्धित

**सेवा शुल्क दस्तुर**

**आर्थिक ऐन आ.व. २०७५ मा संशोधन तथा थप सम्बन्धमा**

| क्र.स. | विवरण | भएको | संशोधनको लागि प्रस्ताव |
|---|---|---|---|
| २.३ | ख) एक विगाहा माथिको प्रति कित्ता | ५०।- | २५। |
| २.१४ | छुट दर्ताको सिफारिस दस्तुर | पाँच कठ्ठा सम्म | पाँच कठ्ठा हटाउनु पर्ने |
| २.२७ | आमा समूहको टोल सूधार दर्ता नवीकरण सिफारिस | २००। | १००। |
| २.३३ | निजि विद्यालय संन्चालनको सिफारिस | | |
| | क) आधारभूत | ५०००। | ३५००। |
| | ख) मा.वि | ३५००। | ५०००। |
| | ग) मन्टेश्वरी | ५०००। | |

मेघनाथ पाण्डे
प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुद्धी, कपिलवस्तु २०७३

| | | | |
|---|---|---|---|
| २.३४ | निजि विद्यालय कक्षा थपको सिफारीस | | |
| | क) आधारभूत | ५०००। | २५००। |
| | ख) मा.वि | ३५००। | ३५००। |
| | ग) मन्टेश्वरी | ५०००। | ५०००। |
| २.३६ | निर्माण व्यवसायी घरेलु दर्ताको लागि सिफारिस दस्तुर | ७०००। | १५०००। |
| | निर्माण व्यवसायी घ बर्ग बाहेक (क, ख, ग) | ७०००। | ७०००। |
| | घ वर्गको इजाजत पत्र दस्तुर | | ४०००। |
| | इजाजत पत्र नवीकरण दस्तुर | | १०००। |
| | इजाजत पत्र नवीकरण दस्तुर थप (एक बर्ष भन्दा बढी नवीकरण नभएको भएमा प्रति बर्ष) | | १०००। |
| | इजाजत पत्र प्रतिलिपी दस्तुर | | ५००। |
| २.३७ | मोही नाम सरी सिफारिस | १५००। | १०००। |
| २.३५ | क) संघ संस्था दर्ता सिफारिस (गैर नाफा मुलक) | | ५००। |
| | ख) संघ संस्था दर्ता सिफारिस (नाफा मुलक) | | १०००। |
| २.५९ | डिलरसीप दस्तुर | १००००। | ५०००। |
| .२.६ | सप्लार्यस दस्तुर | ५०००। | २५००। |
| भएको | अनुसूची ३ को १ मा नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम टहरा, सेड कारखाना आदि बहालमा दिएको सम्बन्धीत धनीबाट दुई प्रतिशत दरले बहाल कर लिने भएको | | |
| हुनुपर्ने | अनुसूची ३ को १ मा नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम टहरा, सेड कारखाना आदि बहाल | | |

**बुद्धभूमी नगरपालिकाको आर्थिक नियमावलीमा थप गर्नुपर्ने**

| | | | |
|---|---|---|---|
| १. | सामुदायिक विद्यालय संन्चालनको सिफारिस | | |
| | क) आधारभूत | | १०००। |
| | ख) बालविकास केन्द्र | | ५००। |
| | ग) मदरसा र धार्मिक विद्यालय | | ५००। |
| २. | सामुदायिक विद्यालय कक्षा थपको सिफारिस | | |
| | क) आधारभूत | | ५००। |
| | ख) मा.वि | | १०००। |

५. **'घ' वर्गको निर्माण व्यवसायी इजाजतप्रत्र सम्बन्धी कार्यविधि-२०७५ मा संसोधन**

'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि-२०७५ को अनुसूची ५ घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता अन्तर्गत दफा ३ को (च) लाई हटाउने, द्रस्टब्यको १मा उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र वा भाडा (लिज) मा लिएका उपकरणहरूको कागजातहरूको साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ। तर ख, ग, घ र ङ मा उल्लेखिंत मेशिनरी सामानको बिमा आवश्यक पर्ने छैन।

द्रस्तव्य को ३ मा उल्लेखित उपकरणहरू दर्ता भएको वा भाडा (लिज)मा लिएको मितिले घटीमा दुई बर्ष सम्म निर्माण व्यवसायीको मातहतमा रहनु पर्नेछ र बेचविखन वा फिर्ता गर्न पाइने छैन।

गोरानाथ पाण्डे
प्रमुख प्रशासकिय अधिकृत
(असमिका)

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

६. एकिकृत सम्पत्ति कर व्यवस्थापन सम्बन्धमा।

निर्णय : बुद्धभूमी नगरपालिकाले एकिकृत सम्पत्ति कर व्यवस्थापनको लागि फागुन १ गतेदेखि सम्पूर्ण वडाहरूबाट online प्रविधिको माध्यमबाट कर संकलन गर्ने गरी सम्पूर्ण करदाताहरू मध्ये हाल सम्म १२,५३१ जना करदाताका ६८९५० कित्ता जग्गाको क्षेत्रफल सम्बन्धी विवरण एकीकृत सम्पत्ति करको सफ्टवेयरमा एन्ट्री भईसकेकोले बाँकी करदताहरूको अविलम्ब इन्ट्री गरी सञ्चालन गर्नका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र तालिम सञ्चालन गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

७. ऐलानी, पर्ति जग्गामा बसोबास गरेको सेवा शुल्क लिने सम्बन्धमा।

निर्णय : ऐलानी, पर्ति जग्गामा बसोबास गरेको सेवा शुल्क लिने सम्बन्धमा छलफल हुँदा साबिकमा सेवाशुल्क वापतको कर तिरेका घर/जग्गा धनिहरुको निरन्तर रुपमा सेवा शुल्क लिने निर्णय गरियो ।

८. लागत सहभागिताको योजना कार्यान्वयन सम्बन्धमा।

निर्णय : यस नगरपालिकाको आ.व. २०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रमको नीतिगत निर्णय नं. १४ मा १० (दश लाख) भन्दा माथि बढी बजेट भएका योजनालाई टेन्डर प्रणालीबाट गर्ने भन्ने निर्णय भएकोमा लागत सहभागिता (म्याचिङग फन्ट - सि.नं. ३.५) शिर्षक बाट निमार्ण हुने योजनाहरूको हकमा समुह/समुदायहरूको आफ्नै लगानी समेत हुने भएकोले सक्रिय सहभागिताको लागि उपभोक्ता समिति स्वयम बाट उक्त योजनाहरू गर्न गराउने निर्णय गरियो।

९. ठेक्काबाट संचित (बचत) रकम सम्बन्धमा।

निर्णय : यस नगरपालिकाको आ.व. २०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रममा बिनियोजित बजेटबाट विभिन्न कार्यक्रम तथा योजनाहरूको ठेक्का/बोलपत्र आव्हान गर्दा निर्धारित कबोल अंक भन्दा न्यून रकममा ठेक्का/बोलपत्र परेको पाइए बाट सोही बमोजिम सम्झौता भएको हुँदा बचत हुन गएको रकमलाई सोही योजनाहरूका साथै विभिन्न निकायबाट प्राप्त हुने लागत सहभागिता कार्यक्रममा समावेश गर्नु पर्ने भएकोले सोको यथार्थ रकम यकिन भए पश्चात कार्य योजना तयार गरी अगामी बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो।

१०. जिल्ला समन्वय समितिको प्राप्त पंत्र सम्बन्धमा।

निर्णय : जिल्ला समन्वय समिति कपिलवस्तुको च.नं.३८४, मिति:२०७५।१०।१३ को प्राप्त पत्र बमोजिम जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका -२०७५ को परिधीमा रही आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा बैठकमा जानकारी प्राप्त भयो सो सम्बन्धमा अगामी कार्यपालिका बैठक बाट विस्तृत छलफल गरी आयोजनाहरूको प्रस्ताव तयार गरी जिल्ला समन्वय समिति कपिलवस्तुमा पठाउने निर्णय गरियो।

११. वडा साक्षरता घोषणाको खर्च सम्बन्धमा।

निर्णय : यस बुद्धभूमी नगरपालिका अन्तर्गत वडा नं. ७ र ८ लाई साक्षर वडा घोषणा गरि सकिएको र यस नगरपालिकाबाट आ.व. ०७५।७६ मा बजेट बिनियोजन गर्दा वडा साक्षर घोषणामा बजेट व्यवस्थापन नभएकोले उक्त कार्यक्रम सञ्चालन गर्दा लगेको खर्च आ.व. २०७५/०७६ कार्यक्रम मध्ये भ्रमण खर्च शिर्षक (शिर्षक नं २२६१२) को कर्मचारी तर्फ बाट रु.१,००,०००।-(एक लाख) भुक्तानी दिने निर्णय गरियो।

Scanned by CamScanner

बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुद्धी, कपिलवस्तु २०७३

१२. IEE को अपुग रकम सम्बन्धमा।

निर्णय : यस नगरपालिकाको आ.व.०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रमको कन्टिन्जेन्सीबाट संचालित योजना तथा कार्यक्रमहरुको सि.नं.७ मा IEE नदीजन्य पदार्थको बजेट रकम रु.६ लाख बिनियोजन भएको र मिति:२०७५।०३।०८ लुम्बिनी सामाजिक विकास केन्द्र, अर्घाखाँचीसंग भ्याट बाहेकरु.५,८०,०००।- मा सम्झौता भएकोले भ्याट सहित हुन आउने रकम ६,५५,४००।- हुने भएकोले नपुग रकम रु.५६,०००।- सोही कन्टजेन्सी तर्फको शिर्षकनं. -६ को गाडी मोटरसाईकल मर्मत सम्भार बाट थप बजेट व्यवस्थापन गरी संसोधन गर्ने गरि मिति:२०७५।१०।१० गतेको निर्णय भएतापनि तपसिल अनुसारको शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

| सि.नं. | व्यवस्था भएको | संशोधन गर्नुपर्ने | जम्मा रकम रु. |
|---|---|---|---|
| १ | १.३ को उद्योग तथा बाणिज्य तर्फ आयमुलक सीप विकास कार्यक्रमको कुल बजेट रू. १००००००। मध्ये | १. IEE नदीजन्य पदार्थको लागि रू. ६,५६,०००।- रकमान्तर गर्ने।- | ६,५६,०००।- |
| | | २. बाँकी रहेको ३,४४,०००।- चालु तथा प्रशासनिक ब.शि.नं. २२३१५ मा रकमान्तर सहित संशोधन गरियो। | ३,४४,०००।- |
| २ | कन्टिन्जेन्सीको शिर्षकको सि.नं.७ मा IEE नदीजन्य पदार्थको लागि रु.६०००००।- छुट्याईएको रकमबाट शिर्षकान्तर गर्ने | प्रर्यटन, प्रबर्धन सम्बन्धी तालिम तथा गोष्ठी कार्यक्रममा समावेश गर्ने। | ६,००,०००।- |
| ३ | बैकल्पिक उर्जा विकास एवं प्रर्वद्धन तर्फको सि.नं. ३ सौर्य उर्जा प्रविधि जडान रकम रू. ६,४८,०००। | साझेदारी लागत सहभागिताको ६०/४० अर्न्तगत बैकल्पिक उर्जा विकास एवं प्रर्वद्धन तर्फको सि.नं. ३ सौर्य उर्जा प्रविधि जडान सम्बन्धी काम गर्ने। | |

१३. कार्यालय सञ्चालनमा नपुग अति आवश्यक बजेट सम्बन्धमा।

निर्णय : बुद्धभूमी नगरपालिकाको तेस्रो नगर सभाबाट आ.व. २०७५/०७६ का लागि कार्यालय सञ्चालन तर्फ विभिन्न शिर्षकहरू अर्न्तगत विनियोजित रकम अपुग हुन गई थप सहित संशोधन गर्नु पर्ने भएकोले नगरपालिकाको आ.व. २०७५/७६ को बचत संचित कोष यकिन भए पश्चात आवश्यकता अनुसार थप गरी संशोधन गर्ने निर्णय गरियो।

१४. बहुबर्षीय योजनाको डी.पि.आर (DPR) सम्बन्धमा।

निर्णय : यस बुद्धभूमी नगरपालिका भित्र सञ्चालित तथा संभावित बहुवर्षीय योजनाहरूको DPR को लागि यस नगरपालिकाको सञ्चितकोष रकमबाट बचत भएको रकमलाई बहुवर्षीय योजनाहरूको DPR तयार गर्नको लागि अगामी बैठकमा योजना छनौट गर्ने निर्णय गरियो।

गोपीनाथ पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

बुद्धभूमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुड्ढी, कपिलवस्तु
२०७३

१५. प्रदेश तथा संघमा माग गर्ने योजना सम्बन्धमा।

| सि.नं. | माग गर्ने योजनाको विवरण |
|---|---|
| १ | वडा नं. ६ को नयाँ नगर देखि महाराजगंज जाने बोल गुडरूवा नदिमा पक्की पुल निर्माण |
| २ | बुद्धभूमी नगरपालिको वडा नं. ८ दरखसवा देखि वडा नं. ६ को महुवा जोडने चक्रथपको गुडरूङ नदीमा पक्की पुल निर्माण |

१६. **विविध**

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | वडा नं. २ गोरूसिगें बस्ने बाबुराम थारूको मुटु रोग उपचारको लागि आर्थिक सहयोग रू. ५०००। दिने निर्णय गरियो। | आर्थिक सहायता | ५०००। |
| २ | पूर्व कार्यालय सहयोग वडा नं. २ गोरूसिगें बस्ने घुरहु थारू औषधी उपचारको लागि आर्थिक सहयोग रू. १५,०००। दिने निर्णय गरियो। | आर्थिक सहायता | १५,०००। |
| ३ | वडा नं. १ टिक्कर बस्ने विष्णु प्रसाद बन्जाडेको टाउको विमारीलाई उपचारको लागि आर्थिक सहयोग रू. ५०००।- दिने निर्णय गरियो। | आर्थिक सहायता | ५,०००। |

मेघनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner